# धर्मदेवी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
मुढेशनिश्चरे, संखुवासभा

कोशी प्रदेश, नेपाल

## ढुङगा, गिट्टी, बालुवा उत्खनन् तथा संकलन र बिक्री सम्बन्धी बोलपत्र आह्वानको(Hard copy) सूचना

(तेस्रो पटक प्रकाशित मितिः–२०८०/११/०३)

यस नगरपालिकाको आन्तरिक आय संकलन गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) घ को (६), सोही ऐनको दफा ६२क(१) र धर्मदेवी नगरपालिकाको स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन र बोलपत्र कागजातमा उल्लेखित शर्त अनुसार आर्थिक वर्ष २०८०/०८१ का लागि यस नगरपालिका क्षेत्र भित्रबाट बग्ने अरूण नदिको तोकीएका क्षेत्रहरूबाट नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी तथा बालुवा) उत्खनन् तथा संकलन र विक्री सम्बन्धी तपसिलको ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले न्यूनतम ठेक्का अंकमा नघट्ने गरी बोलपत्र आह्वानको सूचना प्रकाशित गरिएको छ । बोलपत्र पेश गर्न बोलपत्रदाताहरूले कबोल अंकको ५%(पाँच प्रतिशत)ले हुन आउने धरौटी रकम नगदै भए यस कार्यालयको नाममा धर्मदेवी नगरपालिका, मुडेशनिश्चरे स्थित नेपाल एस. बि. आई. बैंक लि., धर्मदेवी शाखामा रहेको धरौटी खाता नं. 41325240600010 मा जम्मा गरी भौचर पेश गर्नु पर्नेछ । वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंक तथा वित्तीय संस्थाबाट यस कार्यालयको नाममा जारी भएको बोलपत्र पेश गर्ने अन्तिम मिति देखि १२० दिन मान्य अवधि भएको बैंक जमानत (बिडबण्ड) धरौटी स्वरूप पेश गर्नु पर्नेछ । यो ठेक्काको ठेक्का अवधी ठेक्का सम्झौता भएको मिति देखि २०८१ साल जेठ मसान्त सम्म कायम हुनेछ । बोलपत्र खरीद गर्ने र दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरू क्रमशः लगत्तै कार्यालय खुलेको दिनमा हुनेछ । यो बोलपत्र धर्मदेवी नगरपालिकाको राजश्व शाखाबाट खरिद गर्न सकिनेछ। थप जानकारीका लागि धर्मदेवी नगरपालिका कार्यालय, मुडेशनिश्चरेको सूचना पाटी, वेबसाईटः–www.dharmadevimun.gov.np मा हेर्न सकिनेछ र कार्यालय समय भित्र आर्थिक प्रशासन तथा राजस्व शाखामा सम्पर्क गर्न सकिनेछ ।

### तपशिल :

| क्र. स. | आय ठेक्का नं. | ठेक्काको विवरण | कूल नदीजन्य पदार्थ उत्खनन् तथा संकलन (घन फिट) | न्यूतम ठेक्का रकम (सेवा शुल्क र मु. अ. क. कर बाहेक) रू. | बोलपत्र फाराम दस्तुर रू. | बोलपत्र खोलिने मिति र समय |
|---|---|---|---|---|---|---|
| १ | DD-MUN-SQ-IR-01-2080/81 | अरूण नदीको तोकिएका क्षेत्रहरूबाट ढुङ्गा, गिटी, बालुवा उत्खनन् तथा संकलन र बिक्री | १८७,७६२.३५ | १३,५४,६७२।-(अक्षरेपी तेह्र लाख चउन्न हजार छ सय बहत्तर रूपैया) मात्र | १०००/- (अक्षरेपी एक हजार) मात्र | २०८०/११/१७ दिनको ०२:०० बजे |

प्रमुख प्रशासकीय अधिकृत